

# ४ भजनसंग्रह र हितोपदेशमा करुणा र न्याय

***यस अध्यायका मूल पदहरू*:** भजन ९:७-९, १३-२०, भजन ८२, भजन १०१, भजन १४६, हितोपदेश १०:४, हितोपदेश १३:२३,२५ र हितोपदेश ३०:७-९

***यस अध्यायको मूल सार पद*:** **"३ दुर्बल र अनाथहरूको रक्षा गर, आवश्यक परेकाहरू र थिचोमिचोमा परेकाहरूको न्याय गर। ४ दुर्बल र दिनहिनलाई छुटाओ, दुष्टहरूका हातबाट तिनीहरूलाई छुटकारा देओ।"भजनसंग्रह ८२:३-४**

सङ्गतिको बेलामा वा धार्मिक क्रियाकलापहरूमामात्र समावेश नभएर साधारणततया दैनिक जीवनमा पनि परमेश्वरसँगको जीवित सम्बन्धको अनुभव भइरहनु अनिवार्य छ भनेर भजन र हितोपदेशका पुस्तकहरूले जिकिर गर्दछन्। हामीहरूको सम्बन्ध हामी आफैसँग, परिवारसँग, बन्धव्यापारसँग, इष्टमित्रहरूसँग र सरकारसँगै कस्तो हुनुपर्छ भनेर हितोपदेशले चित्रण गर्दछ। भजनसंग्रह विभिन्न भावानात्मक र आत्मिक अनुभवहरूको सँगालो हो। त्यसमा शोकदेखि लिएर अत्यन्तै उल्लासपूर्ण प्रशंसा र ती बीचमा हुने विभिन्न भावहरू भजनसंग्रहमा व्यक्त गरिएका छन्। हामीहरूको जीवनको प्रत्येक पक्ष र अनुभवमा विश्वासको पहिचान दर्शाउनु जरुरी छ किनभने हामीहरूको जीवनको प्रत्येक पललाई परमेश्वरले चासो राख्नुहुन्छ। फेरि त्यसैवखत हामीहरूको पतित संसारले मानव जीवनलाई तहसनहस गर्ने गरि प्रतिबिम्बित गर्ने दुःख, कष्ट, अन्याय, अत्याचार, शोषण आदिहरू सभ्य वा सद्दे मानिसले आँखा चिम्लेर बस्न वा वेवास्ता गरेर बस्न पनि सुहाउँदैन। अन्याय र अत्याचारप्रति परमेश्वर संवेदनशील हुनुभएको बाइबलले बारम्बार उल्लेख गर्दछ र त्यसलाई राहत दिन उहाँले खोजिरहनुहुन्छ भनेर पनि बाइबलले बताउँछ। आशारहितहरूका आशा परमेश्वर नै हुनुहुन्छ। यस विषयमा विभिन्न पुस्तकहरूले छवास्स छोएकोमात्र पाउँछौं। तपाईंको वरिपरि रहा  निर्धन, विपन्न वर्ग, दविएका, हेपिएका, पिछडिएका, शोषित भएका, समाजबाट तिरस्कार गरिएका र

बिर्सिएका मानिसहरूलाई यस अध्यायमा उल्लेखित सामग्रीहरू अध्ययन गर्दा केही हदसम्म तिनीहरूको सेवा गर्न तपाईं तत्पर हुनुहुनेछ भन्ने लेखकले आशा व्यक्त गर्दछ। हामीहरूका वरिपरि रहेका विभिन्न कारणहरूले दबिएकाहरूलाई केही न केही गरौं भन्ने हौशला यस अध्यायको छ।

## १. भजनसंग्रहः शोषित तथा पीडित वर्गको निम्ति आशाका भजनहरू

दुःखकष्ट, पीडा, सङ्कट, विपत्ती र समस्या झेलिरहेका मानिसहरूको क्रन्दन वा शोक परमेश्वरले देख्नुहुन्छ र सुन्नुहुन्छ भनेर हामीले अघि नै हेऱ्यौं। परमेश्वरमाथि भरोसा राखेर चलेतापनि अनेक किसिमका दुःखकष्ट र अन्याय भोगिरहेका मानिसहरूको क्रन्दन हामी भजनसंग्रहमा पढ्छौं।

हामीप्रति परमेश्वरको भलाइको प्रतिवद्धता, न्यायको आवाज र उहाँको सर्वशक्तिमानताको सदा उपस्थितिको बाबजुद पनि अन्याय, अत्याचार, शोषण, पीडा, दमनका बुलन्द आवाजहरूले भजनसंग्रहको पुस्तक ढाकिएको पाइन्छ। धेरैजसो भजनसंग्रहमा लेखिएका सामग्रीहरू मानव पीडाको उपज भएको हामी पाउँछौं।

यद्यपि, त्यहाँ लेखिएका गीतहरू कष्टमा परेका परमेश्वरका जनहरूले अझै पनि गाइरहेको पाइन्छ। तिनीहरूको जीवनको परिस्थिति र आस्थाको अवस्था जतिसुकै नाजुक भएतापनि त्यसले तिनीहरूको परमेश्वरप्रतिको भरोसालाई  दवाउन नसकेको ती गीतहरूले बताउँछन्। ती गीतहरूमा आशाका किरणहरू यत्रतत्र छरिएको पाइन्छ। दुष्ट शक्तिले विजय पाउनुभन्दा अघि, पीडितहरूको बिरुद्धमा दुष्टताको भारले नाश गर्नुभन्दा अघि परमेश्वरको हस्तक्षेपले अबेर नगरेको ती र गीतहरूले हारगुहारका आवाजहरू उठाइरहेको पाइन्छ। यस परिप्रेक्ष्यमा भजनका लेखकहरूले (राजा दाउदमात्र होइन, अरूहरूको भजन पनि त्यस भजनसंग्रहमा समावेश भएका छन्) तिनीहरूको आस्था, दुःखकष्ट, परीक्षा, जीवनका अनेकौं वियोगहरूलाई गीतमार्फत आफ्ना भावनाहरू व्यक्त गरेका थिए।

**आफूप्रतिको आस्थामा तल्लीन हुने दाउदलाई परमेश्वरको आँखाको नानी भनेर सम्बोधन गरिएतापनि कुन परिस्थितिमा देहायको भजन रचिएका थिए सो सोच्नुहोस्। परमेश्वरले देखाउनुभएको भलाइप्रति आस्था र उनले खेपिरहेको कष्टकर अनुभवको बीचमा भइरहेको तनावलाई के तपाईं अनुभव गर्न सक्नुहुन्छ? तपाईंकै जीवनमा आएका अनेकौं जोखिम परीक्षाहरूमा परमेश्वरप्रति तपाईंको आस्थासँग बेमेल भइरहेको के तपाईंले पाउनुभएको छ? हेर्नुहोस् भजन**

९ "१ हे परमप्रभु, मेरो पूरा हृदयले म तपाईंको प्रशंसा गर्नेछु। तपाईंका सबै
आश्‍चर्यकर्महरूको वर्णन म गर्नेछु। २ म तपाईंमा रमाउनेछु र उल्लसित
हुनेछु। हे सर्वोच्च परमेश्‍वर, तपाईंको नाउँमा म स्तुति गाउनेछु। ३ मेरा
शत्रुहरू पिठिउँ फर्काएर भाग्छन्, तिनीहरू तपाईंको सामुन्ने ठक्कर खाएर नष्ट
हुन्छन्। ४ किनभने तपाईंले मेरो अधिकार र मामिलाको रक्षा गरिदिनुभएको
छ। सिंहासनमा विराजमान भई तपाईंले निष्पक्ष न्याय गर्नुभएको छ। ५ जाति-
जातिहरूलाई तपाईंले हप्काउनुभएको छ र दुष्टहरूलाई नष्ट पार्नुभएको छ।
तपाईंले तिनीहरूको नाउँ सधैंको निम्ति मेटिदिनुभएको छ। ६
शत्रुहरूमाथि अनन्त विनाश छाएको छ, तिनीहरूका सहरहरू तपाईंले
उखेल्नुभएको छ। तिनीहरूको नाउँनिशानै मेटिएको छ। ७ परमप्रभुले
सदाकालको निम्ति राज्य गर्नुहुन्छ। उहाँले न्यायको निम्ति आफ्नो सिंहासन
तयार पार्नुभएको छ। ८ र उहाँले धार्मिकतासित संसारको न्याय गर्नुहुन्छ,
उहाँले निष्पक्षतासित मानिसहरूमाथि शासन गर्नुहुन्छ। ९ थिचोमिचोमा
परेकाहरूका निम्ति परमप्रभु किल्ला हुनुहुन्छ, कष्टको समयमा एउटा
शरणस्थान। १० तपाईंको नाउँ जान्नेहरू जतिले आफ्नो भरोसा तपाईंमा
राख्छन्, किनकि हे परमप्रभु, तपाईंको खोजी गर्नेहरूलाई (चाहना गर्नेहरू)
तपाईंले त्याग्नुभएको छैन। ११ सियोनमा विराजमान हुनुहुने परमप्रभुको स्तुति
गाओ। मानिसहरूका बीचमा उहाँका कामहरूको घोषणा गर। १२ किनकि
रगतको बदला लिनुहुनेले सम्झना गर्नुहुन्छ। सङ्कष्टमा परेकाहरूको पुकारलाई
उहाँले बेवास्ता गर्नुहुन्न। १३ हे परमप्रभु, ममाथि अनुग्रह गर्नुहोस्। हेर्नुहोस्,
मलाई घृणा गर्नेहरूबाट मैले कस्तो कष्ट भोग्नुपरेको छ। तपाईंले नै मलाई
मृत्युको मुखबाट छुटाउनुहोस्, १४ र सियोनकी छोरीका ढोकाहरूमा म
तपाईंका सबै प्रशंसाको घोषणा गर्न सकूँ, र त्यहाँ तपाईंले गर्नुभएको उद्धारमा
म रमाउन सकूँ। १५ जाति-जातिहरू आफूले खनेको खाड्लमा आफै जाकिएका
छन्। तिनीहरूले लुकाएर फैलाएको जालमा तिनीहरू आफै परेका छन्। १६
परमप्रभु त उहाँकै न्यायद्वारा चिनिनुहुन्छ। दुष्टहरूचाहिँ आफ्नै हातका कामको
जालमा फसेका छन्। १७ दुष्टहरूचाहिँ पातालमै फर्केर जानेछन्, सबै
जातिहरू, जसले परमेश्‍वरलाई बिर्सन्छन्। १८ तर दरिद्रहरूलाई सधैं
बिर्सिइनेछैन, पीडितहरूको आशा कहिल्यै चकनाचूर हुनेछैन। १९ हे परमप्रभु,
उठ्नुहोस्, मानिस विजयी हुन नपाओस्। जाति-जातिहरूको न्याय तपाईंको
सामुन्ने होस्। २० हे परमप्रभु, तिनीहरूलाई भयभीत तुल्याउनुहोस्। तिनीहरू
त मानिस मात्र हुन् भनी जातिहरूले थाहा पाऊन्।"

संसारमा भइरहेका अन्याय, अत्याचार, संकष्ट, पीडा आदिले ल्याउने तनावको बीचमा पनि आशा, परमेश्वरको भलाइ र उचित न्यायका जवाफहरू बारम्बार भजनसंग्रहमा फुकिरहेको पाइन्छ। अन्याय, अत्याचार, आतङ्क, दुष्टहरूको रजाइँले अहिले ताण्डब नृत्य वा जितिरहेको देखिएतापनि दुष्टहरू र अन्यायलाई परमेश्वरले सम्हाल्नुहुनेछ र न्याय गर्नुहुनेछ भनेर भजनसँग्रहले हामीलाई आश्वस्त पार्दछ। दुःखकष्ट, पीडा, अन्याय, अत्याचारले सताइएकाहरूलाई पुनर्जिवन दिएर पुनर्स्थापित गर्नु हुनेछ भने दुष्टहरूलाई सदाको निम्ति दण्ड दिइनेछ।

एकफेरा नास्तिक भएर परमेश्वरको अस्तित्वलाई विश्वास नगर्ने तर पछि उहाँलाई विश्वास गर्न पुगेका बेलायतका प्रख्यात साहित्यकार सी.एस. लिविसको एउटा किताब "रिफ्लेक्सनस अन द सामस्" (भजनसँग्रहमा प्रतिबिम्बहरू)मा भजनसंग्रहको पुस्तकमा बारम्बार व्यक्त गरिएको परमेश्वरको न्यायप्रति अचम्म मान्दै उत्तेजित हुँदै त्यसको सिघ्र चाहनालाई लेखकले व्यक्त गरेका थिए। बाइबल पढ्ने कतिपय मानिसहरूले न्यायको बारेमा पढ्दा भयभित भएको उक्त लेखेकले महसुस गरेको सन्दर्भमा न्यायको बारेमा सुरूका यहूदीहरूले व्यक्त गरेका दृष्टिकोणलाई टिप्पणी गर्दै उनी लेख्दछन्ः "आफूसँग भएका सबै श्रीसम्पत्तिहरूलाई जफत गर्ने र न्याय तिनीहरूको पक्षमा भएतापनि सुनुवाइ नहुने हजारौं मानिसहरूको आवाज अब तिनीहरूको पक्षमा सुनिनेछ। अन्याय र अत्याचारका चपेटामा परेका मानिसहरू न्यायको कुरा सुन्दा डराउनेछैनन्। यदि तिनीहरूको मामिलालाई कसैले सुनिदियो भनेमात्र तिनीहरूले खेपिरहेको मारप्रति उचित न्याय गरिनेछ भनेर तिनीहरूलाई थाहा छ। जब परमेश्वर न्याय गर्न आउनुहुनेछ तब ती पीडितहरूको क्रन्दन सुन्नुहुनेछ भनेर तिनीहरू विश्वस्त छन्।" पृ. ११बाट रूपान्तरित।

पीडित, दविएका, पिछडिएका, हेपिएका, चपेतामा परेका, अन्यायमा परेका, आफ्नो भाऊ खोज्नेहरूले गर्दा आफूहरू दमनको शिकारमा परेकाहरूलाई भजनसंग्रहमा आशा दिलाइएको छ। वर्तमान अवस्थामा निराशा र कष्ट भोगिरहनुपरेतापनि (जसरी व्यथा लागेकी आमाले बच्चा पाएपछि राहत पाउनेछु भनेर आशा गर्दछिन्) भजनसंग्रहका लेखकहरूले सबैको हृदयमा आशाको किरण चम्कि रहोस् भन्ने कामना व्यक्त गरेको पाठकवृन्दहरूले महसुस गर्नु जरुरी छ।

परमेश्वरले गर्नुहुने न्यायप्रति भयभित नहुँदै हामीले त्यसलाई कसरी सकारात्मक तरिकाले हेर्नु जरुरी ठान्नुपर्छ? त्यो मनस्थितिको कारणहरू के के हुनसक्छन्?

## २. "हे प्रभु, केही न केही त गर्नुहोस्!"

**भजन ८२ येशूलाई विश्वास गर्ने प्रत्येक भक्तहरूले आत्मसात् गर्नु जरुरी देखिन्छ। त्यसमा हाम्रो निम्ति के सान्दर्भिक र भावुक सन्देश छ? हेर्नुहोस्ः "१ परमेश्वर ठूलो समुदायमा विराजमान हुनुहुन्छ, देवहरूका बीचमा उहाँले न्याय गर्नुहुन्छ। २ "तिमीहरू कहिलेसम्म अन्यायीहरूको पक्ष लिइबस्छौ, र दुष्टहरूको ओड़ थाप्छौ? ३ दुर्बल र अनाथहरूको रक्षा गर, गरीब र थिचोमिचोमा परेकाहरूको न्याय गर। ४ दुर्बल र दरिद्रहरूलाई छुटाओ, दुष्टहरूका हातबाट तिनीहरूलाई छुटकारा देओ। ५ तिनीहरूको न ज्ञान छ, न समझ, तिनीहरू अन्धकारमा यताउता डुल्छन्। पृथ्वीका सारा जग नै हल्लिएका छन्। ६ मैले भनें, "तिमीहरू देव हौ, र तिमीहरू सबै सर्वोच्चका छोराहरू हौ।" ७ तापनि तिमीहरू मानिसहरूझैं मर्नेछौ, र अरू शासकझैं तिमीहरूको पतन हुनेछ।" ८ हे परमेश्वर, उठ्नुहोस्, पृथ्वीको न्याय गर्नुहोस्, किनकि सारा जातिहरू तपाईंको उत्तराधिकार हुन्।**

परमेश्वरले इस्राएली राष्ट्र वा जातिलाई समृद्धि, सम्पन्नता र व्यवस्थित समाज निर्माण गर्न विभिन्न समयमा विभिन्न नीतिनियम र निर्देशनहरू दिनुभएको थियो। तर इस्राएल राष्ट्रले ती नीतिहरू पालन गरेर जिओस् भन्ने परमेश्वरको योजनालाई बिथोली दिए अर्थात् उहाँको अपेक्षा अनुसार चल्न इस्राएलीहरू असफल भए। परमेश्वरतिर नजर लाएर चल्नुको सट्टा बरू तिनीहरूको वरिपरिरहेका देश, सभ्यता र समाजतिर लागेर तिनीहरूको नक्कल गर्न चाहे। ती नक्कलहरूमा आफूभन्दा विभिन्न कारणबस कमजोर भएकाहरूलाई थिचोमिचो गर्ने, अन्याय गर्ने, सताउने, हेप्ने, दवाउने र शोषण गर्ने प्रवृत्तिहरू थिए। बडा हाकिमहरू, न्यायधिसहरू, नेता र अगुवाहरू अरूको खुट्टा तानेर आफ्नो भाऊमात्र खोज्ने खालका थिए। भ्रष्टाचारको जरो गाडेर मानिसहरूलाई पैसाको लोभमा आफ्नो पक्षमा लिएका थिए। विधिको शासनबिना नै ती अगुवा तथा नेताहरूको बोली नै फैसला हुने भएकोले र अदालतको अस्तित्व नभएकोले सर्वसाधारण जनता, गरिब र विशेष गरेर अन्यायको मारमा परेकाहरूलाई सुरक्षा नदिइकन ती नेता र अगुवाहरूले नागरिकलाई शोषणको मारमा पारेका थिए। त्यस भयाभबह अन्याय, शोषण र विधिबिनाको शासनको

परिस्थितिलाई भजन ८२ले खुलेआम सम्बोधन गरेको पाइन्छ। परमेश्वर सर्बोच्च न्यायधिस वा न्यायकर्ता हुनुहुन्छ भनेर उहाँको स्थानको वयान गर्दै उहाँले दिनुभएको नीतिनियममा अर्थात् विधिको शासन अनुसार न्यायधिस, अगुवा र नेताहरू चल्नुपर्ने कुरा चित्रण गर्दछ। यिनीहरूको न्याय परमेश्वरले गर्नुहुन्छ भनेर पनि उक्त भजनले ठोकुवा गर्दछ। समाजमा अग्रजणी भूमिका खेलेर अगुवा, नेता र न्यायकर्ता हुनगएकाहरू "परमेश्वरकै मातहतमा न्याय गर्न नियुक्ति गरिएका थिए" -एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस् पृ. १९८बाट रूपान्तरित। जुन पद र स्थानमा ती अगुवाहरूलाई (धार्मिक अगुवाहरू नै किन नहुन्) स्थापना गरिएका थिए तिनीहरूले परमेश्वरको मातहतमा रहेर उहाँको प्रतिनिधिको रूपमा काम गर्नुपर्ने थियो। संसारका न्यायकर्ता वा नेतृत्ववर्गले परमेश्वरको न्यायलाई अनुकरणीय उदाहरणको रूपमा लिएर यस संसारको शासन प्रणाली चलाउनुपर्थ्यो भन्ने यस भजनको लेखकको दृष्टिकोण थियो। जुनसुकै रूपमा न्याय गर्ने, अन्याय गर्ने, अरूलाई कमजोर ठानेर थिचोमिचो गर्ने आदि सबैको न्याय परमेश्वरले गर्नुहुनेछ भनेर भजन ८२ले खुलासा गर्दछ।

परमेश्वरले नै छिटो हस्तक्षेप गरून् भनेर संसारको विषम् समाजको परिस्थितिलाई सम्बोधन गर्दै यो भजन अन्त्य गरिएको छ। राष्ट्रमा भइरहेका अन्याय, अत्याचार, आतङ्क, शोषण आदिलाई अन्त्य गर्न भजनको लेखकले परमेश्वरसँग माग गर्दछन्। अरू भजनहरूमा जस्तै यो भजन पनि दवाएर राखिएका आवाजहरूको निम्ति आवाज भएर प्रस्तुत गरिएको छ। विभिन्न अन्याय प्रणालीहरूको मुनि रहेर बस्न र काम गर्न वाध्य भएका विपन्न, शोषित, पिछुडिएका, दविएका, जातभातको नाउँमा तिरस्कार गरिएका आदिहरूका आवाजहरू दवाएर राखेतापनि परमेश्वरको सामु ती आवाजहरू विलय भएको छैन भनेर भजन ८२ले व्यक्त गर्दछ।

सर्वोच्च न्यायकर्ता, सारा जगतका सार्बभौमशासक र संसारका सबै राष्ट्रहरूको शासक परमेश्वरसँग आफ्नो स्थानबाट अन्यायको चपेटामा परेकाहरूलाई न्याय गर्न भजन ८२को लेखकले बिन्तिभाऊ गर्दछन्। त्यो बिन्ति चढाउन उहाँभन्दा अर्को उच्च अदालत र आधिकारिक व्यक्ति छैन।

यस भजनको उल्लेखनीय पक्षलाई मनमा राख्नु जरुरी छ। संसारका शासकवर्गहरूले तिनीहरूको अदालतमा गरिब, दुःखी, थिचोमिचोमा परेका, दिनहीन, शोषित, कमजोर आदिका आवाजहरू नसुनेतापनि (प्रायजसो यस संसारको प्रणाली यस्तै छ) तिनीहरूको मामिला पेश गर्न र सहायता माग्न

कसैले छेक्न नसक्ने अझै पनि सर्वोच्च अदालत (वा पुनरावेदन) वा न्यायधिस हुनुहुन्छ भनेर भजनले आश्वस्त पार्दछ।

हाम्रो विभिन्न जीवनकालमा हामी आफै पनि विभिन्न अन्यायहरूको शिकार भएका छौं। फेरि त्यसैसमयमा जानिनजानी कतिपय समयमा हामी आफै पनि आफ्नो भाऊ खोज्न, फाइदा खोज्न, स्वार्थपूर्ति गर्न र प्रतिष्ठालाई कायम गर्न अरूमाथि अन्याय गरिरहेका पनि हुनसक्छौं। भजन ८२ जस्ता भजनहरूलाई केलाएर पढ्यौं भने तिनीहरूभित्र यस्ता तिक्ष्ण ज्ञान, बौद्धिक वास्नाहरू पाउँछौं जसले हामी दविएका हौं कि हामीले अरूलाई दवाएका हौं भन्ने जानकारी दिँदछ। अन्यायी अत्याचारी कठोर न्यायधिस वा अगुवाहरूप्रति परमेश्वरको गहिरो चासो छ किनभने तिनीहरू पनि उहाँकै छोराछोरी हुन् साथै तिनीहरूले न्यायोचित जीवन बिताएर सुमार्ग रोजुन् भन्ने उहाँको चाहना छ (भजन ८२:६)। त्यसकारण अन्यायी, अत्याचारी र अरूलाई दवाउने मनोवृत्ति भएकाहरूको निम्ति पनि भजनले आशा प्रदान गर्दछ। तर कुन नीतिमा चल्ने भन्ने आत्मनिर्णयको अधिकारालाई लत्याएर परमेश्वरले जबरजस्ती गर्नुहुन्न। यदि कोही परिवर्तन भएर आदर्शको जीवन बिताउन चाहन्छ भने उसलाई परमेश्वरले अवसर दिनुहुन्छ।

## ३. राजाका प्रतिज्ञाहरू

**भजन १०१ अगुवा, न्यायधिस, नेता र समाजका अग्रजहरूको निम्ति लेखिएको भएतापनि हामी हाम्रो जीवनको जुनसुकै स्थानमा रहेतापनि त्यस भजनमा लेखिएको महत्त्वपूर्ण सरसल्लाहलाई हामीले आत्मसात् गर्नु किन जरुरी छ? हेर्नुहोस्: "१ म तपाईंको प्रेम र न्यायको गीत गाउनेछु, हे परमप्रभु, म तपाईंको प्रशंसा गाउनेछु। २ म निर्दोष जीवन बिताउनलाई होशियार रहनेछु। तपाईं मकहाँ कहिले आउनुहुने? म आफ्नो घरभित्र शुद्ध आचरणको जीवन बिताउनेछु। ३ मेरो आँखाको सामुन्ने कुनै नीच कुरा म राख्नेछैनँ। पथभ्रष्ट भएकाहरूका कामलाई म घृणा गर्छु, तिनीहरू मसित टाँसिनेछैनन्। ४ कुटिल मति भएका मानिसहरूबाट म टाढ़ा रहनेछु। कुनै खराबी कामसित म केही सम्बन्ध राख्नेछैनँ। ५ जसले आफ्नो छिमेकीको निन्दा गुप्तमा गर्दछ, त्यसलाई म नाश गर्नेछु, अभिमानी दृष्टि भएको र घमण्डी हृदय भएकालाई म सहनेछैनँ। ६ मेरो कृपादृष्टि देशका विश्वासयोग्य जनहरूमाथि रहनेछ, ताकि तिनीहरू मसित वास गरून्। त्यो जो निर्दोष मार्गमा हिँड्दछ, त्यसले मेरो सेवा गर्नेछ। ७ छलकपट गर्ने मानिस मेरो घरमा बस्न पाउनेछैन, झूट बोल्ने**

**मानिस मेरो नजरको सामुन्ने रहन पाउनेछैन। ८ देशका सबै दुष्ट जनहरूलाई हरेक बिहान म नष्ट पार्नेछु, परमप्रभुको सहरबाट दुष्ट काम गर्नेहरू सबैलाई म नष्ट पार्नेछु।"**

भजन १०१ विशेष गरेर राष्ट्रका अगुवा वा शासकवर्गहरूको निम्ति लेखिएको हो। जब दाउद राजाको राज्यकालको सुरूभयो त्यसबेला परमेश्वरसँग आफ्नो प्रतिवद्धता देखाउँदै देशमा अमनचैन राख्न उनले यो भजन रचेका थिए भन्ने बाइबलका विद्वानहरूको राय छ। जब उनलाई राजा घोषित गरिएको थियो त्यसबेला उनले शपथ खाएको वचनहरूबाट यी शब्दहरू रूपान्तरित गरिएर कोरिएका हुनसक्छन्। आफू योद्धा साथै आफूलाई सेनापति नियुक्त गरिएका आफ्नै ससुरा राजाबाट भूमिगत जीवन बिताउनुपर्दा अन्यायी राजाले राष्ट्र र उनको परिवारलाई कसरी क्षतबिक्षत पार्न सक्छन् भन्ने राजा दाउदको अनुभव थियो। आफ्नो ससुरा वा अरू कुनै शासकहरूभन्दा आफू फरक हुने निर्णय दाउदले गरेका थिए।

यस अध्ययन पुस्तक अध्येताहरूमा कोही राजनैतिक, राष्ट्रिय नेता वा धार्मिक अगुवा हुनसक्छ। तर हामी जो भएतापनि कुनै न कुनै समयमा वा कोही र कसैलाई हाम्रो जीवनले प्रभाव पार्न सक्छ वा उत्साह दिन सक्छ। हामीहरूको काम गर्ने जीवनशैलीद्वारा, कार्यालयमा, सामाजिक सेवामा संलग्नतामा, परिवारमा वा चर्चमा हाम्रो उपस्थितिले अरूलाई कुनै न कुनै रूपमा छोइरहेका हुन्छौं वा प्रभाव पारिरहेका हुन्छौं। घर, चर्च समाजमा अगुवा वा नाइके बन्ने अवस्थामा सम्झिनुपर्ने सल्लाहलाई एलेन जी ह्वाइटले टिप्पणी गर्दै लेख्छिन् "घरपरिवारबाट पारिने प्रभावलाई सुरक्षा गर्ने जिम्मेवारी व्यक्तिले दाउदले भजन १०१मा उल्लेख गरेका आफ्ना शपथहरू घरपरिवारबाट पारिने प्रभावलाई सुरक्षा गर्ने जिम्मेवारीलाई व्यक्तिले आफ्नो पनि शपथ हो भनेर मान्नुपर्दछ।"- काउन्सिल टु पारेन्ट्स, टिचरस, एण्ड स्टुडेन्टस, पृ. ११९बाट रूपान्तरित।

भजन १०१मा उल्लेख गरिएका नीतिहरूलाई हामीले सदैव सम्झनुपर्छ।
हामी चाहे अगुवाको भूमिका खेलिरहेका हौं वा हामीले प्रभाव पार्ने जुनसुकै क्षेत्रमा रहेतापनि त्यहाँ कार्यान्वयन गर्न आवश्यक ठान्नुपर्छ।

आफ्नो नेतृत्वको प्रतिष्ठालाई कायम गर्न परमेश्वरको दया, करुणा र न्यायको जगमाथि आफ्नो नीतिको निर्माण गर्ने र परमेश्वरलाई दिनुपर्ने सम्मानलाई शिरोपर गरिरहने प्रतिवद्धता दाउदले भजन १०१ व्यक्त गरेका

छन्। आफ्नो जीवनमा र कार्यकालमा त्यस भजनमा उल्लेख गरिएका नीति र स्वभाव वा दस्तावेजहरू पालन गर्न र सिक्न उनले प्रयास गरेका थिए। यी नीतिहरूलाई आफ्नो जीवनमा सुचारु राख्न उनले केही कदमहरू चाल्नुपर्थ्यो। गलत काम गर्ने प्रवृत्ति र प्रलोभनबाट, भ्रष्ट चरित्रबाट र बेइमान हुने स्वभावबाट अलग बस्न वा तिनीहरूको प्रतिरोध गर्न दाउदले आफ्नैतर्फबाट कठोर कदम चाल्नुपर्थ्यो। कोही पनि मानिस अगुवा हुँदा, नेतृत्व गर्ने लगाम चलाउँदा वा शक्तिसम्पन्न हुँदा उसलाई धरापमा पार्ने तत्वहरू विशेष गरेर ती नै हुन्।

जे न्यायोचित र ठिक छन् तिनीहरूको बारेमा उचित र असल सरसल्लाह लिनु दाउदले आवश्यक ठानेकाले इमान्दार, भरपर्दो र असल चरित्र भएका सल्लाहकारहरू नियुक्त गर्ने प्रतिवद्धता व्यक्त गर्दछन्। आफ्ना जनता, आफूसँग काम गर्ने र आफ्नो निम्ति काम गर्नेहरूलाई न्याय र करुणा दिने वा दया देखाउने छाप उनको नेतृत्वमा हुनेछ भनेर दाउदले शपथ खाएका थिए।

**हामी अगुवा वर्गमा नहौंला, हामीमा सल्लाहकार र कर्मचारीहरू राख्ने हैसियत नहोला, तैपनि हामीले हाम्रो जीवनलाई कुन ढाँचामा ढाल्ने जसले गर्दा आवश्यक परेकाहरूलाई हाम्रो न्याय र करुणा देखाउन सक्ने अवसर मिलोस्?**

## ४. परमेश्वरसँग टाँसिएर हिंड्नु

जब हामी भजनसंग्रहको अन्त्यतिर आउँछौं तब परमेश्वरप्रति गरिने प्रशंसाको बुलन्द आवाज झन झन चर्को भएर गएको पाउँछौं। अन्तिम पाँचवटा भजनहरूमा सिधै सरल तरिकाले "परमेश्वरको प्रशंसा गर!" भनेर सुरू गरिएको छ। तर ती पाँचवटा भजनहरूमा प्रथम भजन १४६मा शोषित, गरिब र दबिएकाहरूप्रति परमेश्वरले विशेष गहिरो चासो देखाउनुभएकोले उहाँको सराहना गर्दै प्रशंसा व्यक्त गरिएको छ।

**भजन १४६मा हाम्रो निम्ति पनि सन्देश के छ? विशेष गरेर भजन १४६:५-६मा परमेश्वरले के सम्बोधन गरिरहनुभएको छ? हेर्नुहोस्: "१ हल्लेलूयाह! ए मेरो प्राण, परमप्रभुको प्रशंसा गर! २ म जीवनभरि परमप्रभुको प्रशंसा गर्नेछु, म जीवित रहुञ्जेल मेरा परमेश्वरको स्तुति गाई नै बस्नेछु। ३ आफ्नो भरोसा संसारका शासकहरूमाथि नराख, मरणशील मानिसमाथि, जसले बचाउन सक्दैनन्। ४ जब तिनीहरूको आत्मा निस्कन्छ, तिनीहरू माटोमा मिलिहाल्छन्।**

**त्यही दिन तिनीहरूका योजनाहरू पनि नष्ट हुन्छन्। ५ त्यो मानिस धन्यको हो, जसको सहायता याकूबका परमेश्वरमा छ, जसको आशा परमप्रभु त्यसका परमेश्वरमा हुन्छ। ६ उहाँ स्वर्ग र पृथ्वी, समुद्र र त्यसमा भएका यावत् थोकका सृष्टिकर्ता हुनुहुन्छ। परमप्रभु सदाकालको निम्ति विश्वासयोग्य रहनुहुन्छ। ७ उहाँले अत्याचारमा परेकाहरूका पक्षमा न्याय दिनुहुन्छ, र भोकाहरूलाई भोजन दिनुहुन्छ। परमप्रभुले कैदीहरूलाई मुक्त गरिदिनुहुन्छ।**

**८ परमप्रभुले अन्धाहरूका आँखा खोलिदिनुहुन्छ। परमप्रभुले दबिएकाहरूलाई उठाउनुहुन्छ। परमप्रभुले धर्मीजनलाई प्रेम गर्नुहुन्छ। ९ विदेशीहरूलाई परमप्रभुले रक्षा गर्नुहुन्छ! अनाथ र विधवालाई उहाँले सँभाल्नुहुन्छ, तर दुष्टहरूका युक्तिहरू उहाँले विफल पार्नुहुन्छ। १० परमप्रभुले सदासर्वदा राज्य गर्नुहुनेछ, ए सियोन, तिम्रा परमेश्वरले पुस्तौं-पुस्तौंसम्म राज्य गर्नुहुनेछ। हल्लेलूयाह!"**

परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भन्ने कुरामा कुनै विवाद छैन (भजन १४६:६)। तर आफूले सृष्टि गर्नुभएको संसारप्रति उहाँको विभिन्न भूमिकाहरू कायमै भएको कुरा उक्त भजनले व्यक्त गर्दछ। उहाँ न्यायकर्ता, प्रबन्धक तथा संभारक, दुःखि र दविएकाहरूलाई स्वतन्त्र गर्नुहुने, चङ्गाइ गर्नुहुने, सहयोगी र संरक्षक भएर सक्रिय हुनुभएको छ। विशेष गरेर समाजमा विभिन्न कारणहरूले वेवास्ता गरिएका, कष्ट भोगिरहेका र आवश्यक सहयोगको निम्ति बिन्ति गरिरहेका मानिसहरूप्रति उहाँ संवेदनशील हुनुहुन्छ भनेर भजनसंग्रहले खुलासा गर्दछ। हाम्रो जीवनमा, हाम्रो समाजमा र हाम्रो संसारमा परमेश्वर के गर्न चाहनुहुन्छ भन्ने अवधारणा हामी सबैको निम्ति प्रेरणादायी विषय हो।

कहिलेकाहीं परमेश्वरले भन्नुभएकै कारणले पीडितहरूलाई हेर्नुपर्छ भनेर हामीसोच्दछौं। तर परमेश्वरले गरिरहनुभएको यो काम त भजन १४६ले जिकिर गर्दछ र उहाँको काममा सहभागी हुन उहाँले हामीलाई आग्रह गरिरहनुभएको पनि आभास् हामी पाउँछौं। जब हामी बिपन्न वर्गको निम्ति, शोषित, दविएका र पीडितहरूको निम्ति र रोगले ग्रस्त भएकाहरूको सेवा गर्छौं तब हामी समग्रमा परमेश्वरसँग काम गरिरहेको हुन्छौं र उहाँको लक्ष्यमा हामी सरिक भइरहेका हुन्छौं। प्रेरणादायी भजन १४६मा उल्लेखित लक्ष्यहरू पूरा गर्न परमेश्वरसँगै हातमा हात मिलाएर काम गर्नुजस्तो महान् अवसर अरू के होला?

तर अरूको सेवा गर्दा हामीलाई पनि फाइदाहरू हुन्छन्। प्रायजसो इसाईहरूले परमेश्वरको खोजिमा लागिरहेको चर्चा गर्दछन् र उहाँको नजिक

हुने चाहना व्यक्त गर्दछन्। यद्यपि, भजन १४६:७-९ र बाइबलका अरू भागहरूमा व्यक्त गरिए अनुसार जब परमेश्वरले के गर्नुहुन्छ त्यसमा सहभागी भयौं भने हामी उहाँलाई भेट्टाइरहेका हुन्छौं। भजन १४६ अनुसार यदि उहाँ गरिब, निम्नवर्ग, विपन्नवर्ग, बिमारी, दविएका, पिछडिएका, तिरस्कृतहरूको हेरचाहा गर्नुहुन्छ भने जब हामी पनि त्यही गर्छौं तब हामी उहाँसँग मिलेर काम गरिरहेका हुन्छौं। "दुःखकष्ट पाइरहेका र विपन्नवर्गहरूको सेवा गर्न र तिनीहरूसँग हिंड्न येशू यस संसारमा आउनुभएको थियो। उहाँको ध्यान तिनीहरूप्रति अत्यन्तै ठूलो थियो। र आज उहाँका भक्तहरूमार्फत पनि विपन्नवर्ग, खाँचो परेकाहरू, पीडा भोगिरहेकाहरूलाई राहत दिन र कष्टकर जीवन बिताइरहेकाहरूलाई उचाल्न उहाँ भेट्न जानुहुन्छ।...यदि हामीले दुःखकष्ट पाइरहेकाहरूको र आवश्यक परेकाहरूको सेवा गर्न चुकेनौं भने स्वर्गमा रहनुहुने परमेश्वर पिताको करुणा, प्रेम र दया अरू कुनैबाट पनि सिक्न सक्दैनौं। जब हाम्रो वरिपरि रहेका कुनै अत्यन्तै खाँचोमा परेका, अनाथ, दरिद्र र असहायहरूलाई निस्वार्थ भावनाले सेवा गर्‍यौं भने त्यसले देखाउने सुसमाचारको महान् प्रेमिलो पक्ष अरू कुनैबाट प्रदर्शित हुँदैन।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ७, पृ. २२६बाट रूपान्तरित। **अरूको सेवा गरेर तपाईं परमेश्वरको नजिक हुनुभएको अनुभव के तपाईंसँग छ?**

## ५. हितोपदेशः आवश्यक परेकाहरूलाई दया देखाउनु

हितोपदेशको पुस्तक प्रज्ञा, वुद्धि र उपदेशहरूको संगालो हो। यसमा जीवनपयोगी विभिन्न विषयहरूलाई सम्बोधन गरिएको छ। दरिद्र, धनी, संतोषी, न्याय ,अन्याय आदिलाई कहिलेकाहिँ विभिन्न दृष्टिकोणहरूबाट टिप्पणी यस पुस्तकमा गरिएको छ। जीवन सधैं सरल र सिधा छैन। विभिन्न परिस्थिति र निर्णयहरूले मानिसको जीवनमा असर पार्दछ भनेर हितोपदेशको पुस्तकले हामीलाई सतर्क गराउँछ। परमेश्वरका भक्तजनहरूलाई पनि तिनीहरूको निर्णय र वातावरणले असर पार्दछ भन्ने कुरालाई हितोपदेशको पुस्तकले अस्वीकार गरेको छैन।

**अघि भनिसकेकै छौं कि मानिसलाई उचित जीवन यापन गर्न हितोपदेशले विभिन्न अर्तीहरू दिएको छ। धन, दरिद्रपना र आवश्यक परेकाहरूको सहायता गर्ने परिवेशमा देहायका केही पदहरूमा के महत्त्वपूर्ण वचनहरू लेखिएका छन्? हेर्नुहोस्ः हितोपदेश १०:४ "अल्छे हातहरूले मानिसलाई कङ्गाल तुल्याउँछन्, तर लगनशील हातहरूले सम्पत्ति आर्जन**

गर्छन्।", १३:२३,२५ "२३ गरीब मानिसको खेतबारीले प्रशस्तै अन्न उब्जाउला, तर अन्यायले त्यो खोसेर लैजान्छ।, २५ धर्मीले पेटभरि मस्तीसँग खान्छ, तर दुष्टको पेट भोकभोकै हुन्छ।", १४,३१ "गरीबलाई थिचोमिचो गर्नेले तिनीहरूका सृष्टिकर्ताप्रति अवहेलना देखाउँछ, तर दरिद्रलाई दया देखाउनेले परमेश्वरको आदर गरेको हुन्छ।", १५:१५,१६ "१५ थिचोमिचोमा परेकाहरूका अवहेलित जीवन दिनहुँ दुःखको हुन्छ, तर आनन्दित हृदय सधैं सुखी हुन्छ। १६ होहल्लाको साथ प्रशस्तै धन हुनुभन्दा थोरै धनसित परमप्रभुको भय राख्नु उत्तम हो।", १९:१५-१७ "१५ अल्छीपनले घोर निद्रा ल्याउँछ, अल्छी मानिस भोकै रहन्छ। १६ अर्ती-उपदेश पालन गर्नेले आफ्नो जीवन रक्षा गर्छ, तर आफ्नो चालको बेवास्ता गर्ने मर्नेछ। १७ गरीबप्रति दयालु हुनु परमप्रभुलाई सापट दिनु हो, र त्यसले जे गरेको छ, त्यसको इनाम उहाँले त्यसलाई दिनुहुनेछ।" र ३०:७-९ "७ म तपाईंसँग दुई वटा कुरा माग्दछु, हे परमप्रभु। म मर्न अघि ती मबाट इन्कार नगर्नुहोस्। ८ असत्यता र झूटा कुरा मबाट टाढै राख्नुहोस्, न त मलाई दरिद्रता न धन-सम्पत्ति दिनुहोस्, तर मलाई केवल दिन-दिनको रोटी दिनुहोस्।

९ अन्यथा मसँग धेरै भएकोले म तपाईंलाई इन्कार गरुँला, र "परमप्रभु को हो र? भनुँला, अथवा म गरीब भएकोले चोरी गरुँला, र परमप्रभु मेरा परमेश्वरको नाउँ अपमानित पारुँला।"

दरिद्र, विपन्न वर्ग, कमजोर र जोखिममा परेकाहरूप्रति परमेश्वरले विशेष ध्यान र चासो देखाउनुभएको कुरा हितोपदेशले देखाउँछ। कतिपय समयमा परिस्थितिले गर्दा मानिसहरू गरिब होला भने कतिपय समयमा अनुचित निर्णय र शोषणका मारमा पर्दा गरिब बन्लान्। जुनसुकै परिस्थितिले गर्दा मानिसहरू दरिद्रको दशामा परेतापनि तिनीहरूको सृष्टिकर्ता अझै पनि परमेश्वर नै हुनुहुन्छ (हितोपदेश २२:२ "धनी र गरीब यस कुरामा समान छन्, कि सबैलाई बनाउने परमप्रभु नै हुनुहुन्छ) र तिनीहरूको रक्षक तथा तिनीहरूको निम्ति आवाज उठाउने उहाँ नै हुनुहुन्छ (हितोपदेश २२:२२,२३ "२२ तिनीहरू असहाय छन् भन्दैमा गरीबमाथि शोषण नगर, र दीन-हीनलाई अदालतमा पेल्ने काम नगर, २३ किनभने परमप्रभुले तिनीहरूको मुद्दा आफ्नो हातमा लिनुहुनेछ, र तिनीहरूलाई लुट्नेहरूलाई उहाँले लुट्नुहुनेछ")। जुनसुकै गलत निर्णयले गर्दा मानिसहरू कमजोर हुन पुगे पनि तिनीहरूबाट फाइदा उठाउन र थिचोमिचो गर्न पाइन्दैन। यो पनि सोचनीय छः परमेश्वरको ज्ञानबुद्धिमा चल्न र उहाँको वचनहरू पालन गर्ने निर्णय गर्दा असल जीवन

पाइन्छ भनेर हितोपदेशको पुस्तकले भनेतापनि मानिसहरू परमेश्वरकै आशिषबाट धनी हुन्छन् भन्ने छैन भनेर त्यही पुस्तकले बताउँछ। भौतिक सम्पत्तिले सम्पन्न हुनुभन्दा पनि परमेश्वरप्रति बफादार हुनु नै आखिरमा ठूलो इनाम पाउनु हो "अन्याय गरेर धनसम्पत्ति थुपार्नुभन्दा धर्मीसँग भएको थोरै उत्तम हुन्छ" भनेर हितोपदेश १६:८ले बताउँछ।

बन्दव्यापारमा, शासकवर्गमा, प्रशासन र न्याय गर्ने मामिलामा इमान्दारी जीवन र न्यायोचित कारोबारप्रति हितोपदेशको पुस्तकले ध्यानाकर्षण गर्दछ। (हेर्नुहोस्ः हितोपदेश १४:५,२६,२७ "५ साँचो साक्षीले छल गर्दैन, तर झूटो साक्षीले झूटा कुराहरूको ओइरो लाउँछ।२६ जसले परमप्रभुको भय मान्छ, त्यसको सुरक्षित किल्ला हुन्छ, र त्यसका छोराछोरीका निम्ति यो एक शरणस्थान हुनेछ। २७ परमप्रभुको भय जीवनको मूल हो, जसद्वारा मानिस मृत्युको पासोहरूबाट उम्कन्छ।",१६:११-१३ "११ ठीक नाप र तराजूहरू परमप्रभुबाटकै हुन्, थैलीमा भएका सबै ढकहरू उहाँकै काम हो। १२ राजाहरूले कुकर्म घिनाउँछन्, किनभने धार्मिकताद्वारा नै सिंहासन स्थापित हुन्छ। १३ राजाहरू (वा शासकवर्गहरू) ईमानदार ओठसँग प्रसन्न हुन्छन्, सत्य बोल्ने मानिसलाई तिनीहरू कदर गर्छन्।", १७:१५ "दोषीलाई निर्दोष ठहराउने र निर्दोषलाई दोषी ठहराउने, ती दुवैलाई परमप्रभु घृणा गर्नुहुन्छ।", २०:२३ "परमप्रभु घट्बढ् नाप-तौल घृणा गर्नुहुन्छ, र छली तराजूले उहाँलाई प्रसन्न तुल्याउँदैन।", २१:२८ "झूटो साक्षी नष्ट हुनेछ, त्यसको कुरा सुन्ने जोसुकै सधैंको निम्ति नष्ट हुनेछ।" र २८:१४-१६ "१४ परमप्रभुसँग सधैं डराउने मानिस धन्यको हो, तर आफ्नो हृदय कठोर पार्ने मानिस सङ्कष्टमा पर्छ। १५ गर्जने सिंह वा झम्टने भालूजस्तै असहाय मानिसहरूमाथि शासन गर्ने दुष्ट मानिस हो। १६ निर्दयी शासकमा बुद्धिको अभाव हुन्छ, तर भ्रष्टाचारको धन घृणा गर्नेले दीर्घायु पाउनेछ")। हितोपदेशको पुस्तकमा केवल व्यक्तिहरूको जीवनप्रतिमात्र चासो राखिएको छैन तर सबैको हितको निम्ति समाज कसरी चलाउने भनेर पनि अर्ती दिइएको छ। विशेष गरेर समाजमा पिछडिएका, तिरस्कृत, कमजोर, सुरक्षा चाहिनेहरूलाई कसरी व्यवस्थित गर्ने भनेर हितोपदेशको पुस्तकले औंल्याउँछ। शासकवर्ग र नेतृत्ववर्ग आफ्नो विवेकले भ्यायसम्म उत्तम तरिकाले चल्छन् भने तिनीहरू परमेश्वरकै सहायताले चलेका हुन्छन् भनेर हामीलाई याद दिलाउँछ (हितोपदेश ८:१५,१६ "१५ मद्वारा नै राजाहरू राज्य गर्छन् र शासकहरू उचित कानून बनाउँछन्, १६ मद्वारा नै राजकुमारहरू राज्यव्यवस्था चलाउँछन् र सबै उच्च

अख्तियारवालहरू पृथ्वीभरि शासन गर्दछन्")। आवश्यक परेकाहरूको सेवा गर्दा मानिसहरूले परमेश्वरको अनुग्रह र करुणाको दूत भएर काम गर्नु जरुरी छ।

**नराम्रो परिस्थितिमा गुज्रिरहेकाहरूप्रति दुःखी हुनु सजिलो छ। तर हामीलाई तिनीहरूप्रति दुःख लाग्छ भने त्यसलाई राहत दिन हामी कसरी सक्रिय हुने?**

## उपसंहारः

**थप जानकारीः यस अध्यायको विषयमा थप जानकारी चाहिएमा देहायका सामग्रीहरू उपयोगी छन्ः** एलेन जी ह्वाइटद्वारा लिखित *पाट्रियार्क एण्ड प्रोफेटस*को पृ. ७४६-७५५को लेख "द लास्ट ययरस अभ देभिद" सी.यस. लिविसद्वारा लिखित *रिफ्लेक्सनस अन द सामसको* पृ. १५-२२को लेख "जमेन्ट इन द सामस्"।

"दाउदका भजनहरूले जीवनको अनुभवको यावत पलहरूलाई खोतलेका छन्। आफ्नै पापले गर्दा विवेकमा गहिरो घाऊ पारेको कारण आफूले आफैलाई दोष दिने स्थितिदेखि लिएर परमेश्वरप्रति परम आस्था राख्दै उहाँसँगको उच्च कोटीको संवादलाई पनि भजनसंग्रहका पानाहरूमा दाउदको कलमले कोरेको पाइन्छ। पापले लज्जा, सोक र सराप ल्याउँछ भनेर उनको जीवनले पर्दाफास गर्दछ भने मानिस जुनसुकै गहिरो खाल्डोमा परिरहेतापनि परमेश्वरको प्रेम, करुणा र दयाले उसलाई उचाल्न सक्छ। तर उसमा आफ्नो पापको कुकृत्य स्वभावलाई पश्चातापद्वारा परिवर्तन गर्ने गहिरो र सक्कली चाहना हुनुपर्छ। यस स्थितिले उसलाई परमेश्वरका छोराछोरीहरूको संगालोमा समेट्दछ। परमेश्वरको वचनमा हामीलाई उहाँतिर उचालि राख्न अनेकौं वाचाहरू कोरिएका छन् तर पापको दलदलमा पनि मानिसलाई परमेश्वरको न्याय, विश्वसनीयता र करुणा उपलब्ध हुन सक्छ भन्ने उहाँको अरू गवाही वा वचनहरूमा यो अत्यन्तै विशाल र प्रभावकारी छ।"- एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ७५४बाट रूपान्तरित।

हितोपदेशको पुस्तकमा दिइएका बुद्धिज्ञान, उपदेश र अर्तीहरूको बारेमा सम्बोधन गर्दै एलेन जी ह्वाइटले यसरी टिप्पणी गर्दछिन्ः " समाजको सर्वोपरि हितको निम्ति यस पुस्तकमा नीति, उपदेश र सिद्धान्तहरू छन्। धार्मिक संस्था होस् वा धर्मनिरपेक्ष संस्थाहरूको निम्तिहोस्, यसमा लेखिएका वचनहरू सान्दर्भिक र उपयोगी छन्। यसमा लेखिएका नीतिहरूले नै

मानिसहरूको भौतिक सम्पदा र जीवनलाई सुरक्षा गर्दछ। कतिपय मानिसहरूको हृदयमा परमेश्वरको व्यवस्था वा नीति ओझेलमा परिरहेको हुन्छ साथै त्यसको अस्तित्व मेटिन लागेको हुन्छ। यद्यपि, यदि मानिसले परमेश्वरमाथि भरोसा राखेर उहाँसँग सहभागी भएर चल्ने अठोट गऱ्यो भने यो संसार परमेश्वरको व्यवस्थाप्रति ऋणी भएको उसले महसुस गर्द पुग्दछ।"- एजुकेशन, पृ. १३७बाट रूपान्तरित।

**चिन्तनमनन**

**अ) के तपाईं आफूलाई अगुवा ठानिरहनुभएको छ वा कुनै प्रतिस्ठित ओहोदामा बसिरहनुभएको छ जसले गर्दा तपाईंको क्रियाकलापले अरूलाई प्रभाव पार्दछ? तपाईंको जीवनको त्यस पक्षमा रहेर तपाईं न्यायको दूत भएर कसरी काम गर्न सक्नुहुन्छ?**

**आ) तपाईं रहेको सामाजिक, सांस्कृतिक, धार्मिक र राजनैतिक प्रणालीमा रहेर आवश्यक परेकाहरूलाई तपाईं न्यायमूर्ति कसरी हुनसक्नुहुन्छ?**

**इ) बलियो र समृद्ध समाजको निर्माणको निम्ति न्यायोचित, उचित र निस्पक्ष नीतिहरूको आवश्यकता किन पर्छ?**

**ई) हाम्रो जीवनको सर्वोच्च हितको निम्ति चाहिने नीति, उपदेश, अर्ती र बुद्धिज्ञानहरू हितोपदेशमा उल्लेख गरिएका छन्। त्यसले परमेश्वरको स्वभावको बारेमा हामीलाई के देखाउँछ?**

**सारांशः** जीवनको साधारण चाल र दुःखकष्टहरूमा सच्चा, इमान्दारी र विश्वसनीय भएर बस्न सक्नु अत्यन्तै चुनौतिपूर्ण छ। त्यस चुनौतिलाई सामना गर्न चाहिने अर्ती र हौशलाहरू भजनसंग्रह र हितोपदेका दुई पुस्तकहरूले प्रदान गर्दछ। ती दुवै पुस्तकहरूले आदर्श समाजको निम्ति चाहिने परमेश्वरको भित्रि भावनाहरूलाई व्यक्त गरेका छन् साथै समाजमा पिछडिएका, शोषित भएका, अन्याय र अत्याचारमा परेका, पीडित र दरिद्रहरूप्रति उहाँको विशेष ध्यान भएको ती पुस्तकहरूले बताउँदछन्। बर्तमान समाजमा भइरहेको असमाजिक तत्वहरूको कारण शोषित र वेवास्ता गरिएका मानिसहरूको क्रन्दनलाई परमेश्वरले वेवास्ता गर्नुभएको छैन र तिनीहरूको रक्षा गर्न कुनै न कुनै तरिकाले उहाँले हस्तक्षेप गर्नुहुन्छ भनेर भजनसंग्रह र हितोपदेशमा रहेका बुद्धिज्ञानहरूले बताउँछन्। यदि परमेश्वरको समुच्च स्वभाव त्यस्तो छ भने हामीले पनि हाम्रो जीवनबाट अरूलाई उहाँको स्वभावलाई अवलम्बन गरेर देखाउनुपर्छ।

## कथा ४
## ९० पाउण्ड वा ४५ किलोग्राम घटाउने
## हेरिक डन सिओप, ४६, सोलोमन टापुहरू

हेरिक डन सिओप सेभेन्थ-डे एडभेन्टिस्ट घरमा हुर्केका थिए। सोलोमन टापुहरूको देशमा उनी कराते, कुङ्गफु जस्ता कुस्ती खेल्ने खेलमा निपूर्ण हुँदैथिए। साउथ पासिफिक खेलमा उनले सोलोमन टापुहरूको देशको प्रतिनिधित्व गर्दै टहिटीमा खेल खेलेका थिए। त्यसपछि साउथ पासिफिक खेलमा उनले आफ्नो देशको प्रतिनिधित्व गर्दै फिजीमा खेलेका थिए। ती खेलहरूमा उनले धेरै तक्माहरू पाएका थिए।

त्यसपछि उनी भवनहरूको नक्सा बनाउने काममा व्यस्त भए। उनले विवाह गरे र उनी चार जना छोराछोरीहरूको बुबा भए। उनले येशूलाई विश्वास गरेतापनि बाइबल कहिलेकाहीँमात्र पढ्थे र चर्च पनि कहिलेकाहीँमात्र जान्थे। जब उनी ब्यायाम गर्थे तब उनी हस्टपुष्ट थिए। तर पछि उनले जङ्कफुड अर्थान् हल्का खानाहरू खान थाले। तारेका माछा, आलुचिप्स, सेकुवाको साथै कोकाकोला पनि पिउन मन पराउन थाले। खेल खेल्न छोडेको एघार वर्ष भइसकेको थियो। आफ्नो शरीरप्रति ध्यान नदिएकोले उनको जिऊ बढ्दै मोटो हुन थाल्यो। उनको वजन २३० पाउण्ड अर्थात् १०५ किलो भयो। खास उनको तौल १४५ पाउण्ड वा ६५ किलोमात्र हुनुपर्थ्यो।

एक दिन हेरिकको बायाँ पाइताला दुख्न थाल्यो। एक हप्तापछि त्यो दुखाई पाइतालाबाट माथि खुट्टामा सर्न थाल्यो। अस्पतालमा गएर औषधी गरे तैपनि उनलाई निको भएन। आखिरमा उनी हिँड्नै नसक्ने भए।

हेरिक अत्यन्तै चिन्तित भए। आफ्नो खुट्टामा रगत नबगेको उनले चाल पाए। जब उनले आफ्नो खुट्टा गुमाउनुपर्नेछ भनेर चाल पाए। अनिमात्र उनले परमेश्वरलाई सम्झे। अनि उनले धेरै वर्षपछि परमेश्वरसँग प्रार्थना गरे, "हे प्रभु मलाई यो रोग निको पारिदिनुहोस्। म डाक्टरहरूकहाँ जान्छु कसैले पनि निको पार्न सकेको छैन।"

उनले प्रार्थना गरेको केही समयपछि उनको एक जना वृद्ध आफन्त उनको घरमा ढकढकाउन आइपुगे। हेरिक होनियार भन्ने सहरमा बस्दथे। त्यो शहर सोलोमन टापुहरूको राजधानी हो। भित्री मनमा हेरिकलाई भेट्न मनलाग्यो भनेर ती आफन्तले भने। हेरिकको अवस्था देखेपछि उनी किन

हिंड्न सकेनन् भनेर सोधे। हेरिकले आफ्नो खुट्टा दुखेको र कसैले पनि निको पार्न नसकेको बताए। "म तिमीलाई सहयोग गर्ने कोशिश गर्छु" ती आफन्तले भने। उनले तिन हप्तासम्म दिनदिनै हेरिकलाई घरेलु स्वास्थ उपचार दिन थाले। त्यसपछि उनी उठ्न थाले तर हिंड्नचाहिँ सकेका थिएनन्।

"तिम्रो खुट्टाको माशपेशी धेरै कमजोर भयो। तिमीले खुट्टाको ब्यायाम वा बलियो पार्न हल्लाउने गर्नुपर्छ" उनले भने। त्यसपछि बिस्तारै ऊ निको हुन थाल्यो। हेरिकलाई परमेश्वरले निको पार्नुभएकोले उनले प्रार्थना गरे, "हे प्रभु, मेरो जीवन तपाईंमा समर्पण गर्छु। यसलाई तपाईंले चलाउनुहोस्। म अरूको निम्ति आशिष हुन चाहन्छु। मेरो जीवनमा तपाईंको योजना देखाइदिनुहोस्।"

प्रार्थना पछि आफ्नो मोटोपना हटाउनुपर्छ भन्ने महसुस गरे। राती उनी राम्रोसँग सुत्न सकेका थिएनन्। त्यसले गर्दा उनका पिठ्युँ दुखेको थियो। जब उनी हिंडथें तब उनलाई सास फेर्न गाऱ्हो हुन थालेको थियो। आफ्नो मोटोपनाले गर्दा खुट्टा दुख्न थालेको उनले महसुस गरे।

तर आफ्नो मोटोपना कसरी घटाउने त? उनले एलेन जी ह्वाइटको "काउन्सिल अन डायट एण्ड फुडस्" वा “खानेकुराको बारेमा सल्लाह" भन्ने किताब पढ्न थाले। खानाको लोभले नै गर्दा संसारमा पाप आएको कुरा पढ्दा उनलाई अचम्म लाग्यो। उनले यो पढे, "खानाको लोभले हाम्रा पहिला पुर्खा आदम र हव्वाले अदनको बगैंचा गुमाए। यदि हामी यस संसारमा अदनको बगैंचाको अनुभव गर्न चाहन्छौं भने हामीले पनि खाने कुरा र त्यसको तिब्र चाहनालाई बलियोसँग नियन्त्रण गर्नैपर्छ" (पृ. ५९बाट रूपान्तरित)।

हेरिकले आफ्नो खानेकुरामा ठूलो परिवर्तन गरे। उसले जङ्क फुडहरू खान छोडे। अनि धेरै संघर्षपछि कोकाकोला, चिया जस्ता क्याफिन भएको पेय पदार्थ पिउन छोडे। उनले चिनी र दुधबाट बनेका पदार्थहरू खान छोडे। बेलुका ४ बजेपछि खाना नखाने पनि प्रयास पनी गरे। अनि पेटभरि टन्न नखाने कुराको पनि निधो गरे। त्यसको साथै उनले ब्यायाम पनि गर्न थाले। उनी दिनदिनै हिंड्न थाले र घरमै हातखुट्टा हलाउने ब्यायामहरू गर्ने गर्न थाले।

उनको त्यस प्रयासले १२ महिनाभित्रै ९० पाउण्ड अर्थात् ४० किलो घट्यो। त्यो ओजन उनको निम्ति ठिक थियो। आफू स्वस्थ भएको उनले

महसुस गरे र कुस्ती खेल्ने बेलामा चलाउन नसकेको शरीरका अरू अङ्गहरू पनि हल्लाउन थाले।

दुई वर्षपछि अहिले हेरिक ४६ वर्षको भए र उनी अहिले एउटा एडभेन्टिस्ट सभाघरमा टापुमा रहेका मानिसहरूको निम्ति शरीरलाई स्वस्थ बनाउने कक्षाहरू सित्तैंमा संचालन गर्दैछन्। उक्त ठाउँमा हप्ताको चार दिन बिभिन्न सम्प्रदायका २०० जना मानिसहरू स्वस्थ रहन सिक्न आउँछन्। आफ्नो देशको स्वास्थ्य मन्त्रालय अन्तर्गत असल स्वास्थको बारेमा सेमिनार वा सभाहरू गर्छन्। उनी एलेन जी ह्वाइटको सल्लाह अनुसार आफू चलेको दावी गर्छन्। उनको सहयोगले धेरै मानिसहरूको मोटोपना घटेको छ र फूर्तिलो भएको उनले देखेका छन्।

"परमेश्वरले यही कामको निम्ति प्रयोग गर्नुभएको मैले महसुस गरेको छु। यसले मेरो आत्मिक जीवन पनि मजबुत भएको छ। मलाई आशिष दिनुभएकोमा म परमेश्वरलाई धन्यवाद दिन्छु। सानै भएपनि म अरूको निम्ति आशिष हुन पाएको छु" अत्यन्तै हँसिलो भएर यी लेखकलाई आफ्नो भावना हेरिकले व्यक्त गरे।

यस त्रैमासिक भेटीको केही भाग सोलोमन टापुहरूमा चलाइएको "१०,०००खुट्टाका औंलाहरू बचाऔं" भन्ने अभियानको निम्ति सहयोग गरिनेछ जुन डिसेम्बर २०१७मा सुरू भएको थियो साथै हेरिकको सामुदायिक ब्यायाम प्रोग्रामको निम्ति पनि सहयोग हुनेछ। मधुमेह अर्थात् चिनीको रोग लागेका मानिसहरूको खुट्टाको औंला काट्नु पर्ने कार्य त्यस क्षेत्रमा साधारण भएको छ।

*-आन्ड्रु मेकचेसनी*